# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०२।१३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

गोदावरी नगरपालिका, कैलालीमा बिभिन्न निर्माण व्यवसायीबाट कार्य सम्पादन भएका १३ वटा सडकका ठेक्काहरुमा भुक्तान भएको परिमाण (Quantity) को स्थलगत निरीक्षणमा स्थानीय जनप्रतिनिधी, सम्बन्धित निर्माण व्यवसायी र ठेक्का कार्यान्वयन गराउने नगरपालिकाका प्राबिधिकहरुको उपस्थितिमा गुणस्तर परीक्षण नतिजा बाहेक खुद नापजाँचबाट निर्धारित शर्त तथा मापदण्डविपरीत निर्माण कार्य गराइएको भनी पेश गरिएको प्रतिवेदन सम्बन्धमा अनुसन्धान हुँदा प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट र देव राज जोशीले प्राबिधिकको कार्यक्षेत्रमा प्रवेश गरी गलत तथा गुणस्तरहीन कार्यको नापी किताबमा समेत सहमति जनाई हानिनोक्सानीमा संलग्न रहेको, इन्जिनियर र सबइन्जिनियरले गुणस्तरहीन कार्य गराई, नापी किताबमा वास्तविक कार्यभन्दा बढी परिमाण उल्लेख गरी मूल्याङ्कन गरेको, साथै निर्माण व्यवसायीले गुणस्तरहीन कार्य गरी बढी भुक्तानी लिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको देखिन आएको हुँदा देहायबमोजिमको कसुरमा सजायको मागदाबी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

(क) **गोदावरी नगरपालिका, कैलालीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट**ले स्पेसिफिकेसन तथा संझौतामा उल्लेख भएबमोजिम सुपरीवेक्षण गर्न, गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँच गर्नका लागि सम्बन्धित साईट इन्जिनियर/प्राविधिकलाई जिम्मेवारी नतोकी नापी किताबमा सही गरी सहमति जनाई गुणस्तरहीन बेसकोर्स र सब-बेसकोर्सको कार्यलाई स्तरयुक्त नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.४२,००,५३१।२० हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख),(ग)र(ङ) बमोजिमको कसुर गरेको देखिंदा बिगो रु.४२,००,५३१।२० (बयालीस लाख पाँच सय एकतीस रुपैयाँ बीस पैसा) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी बिगो बमोजिम जरिवाना तथा बिगोसमेत असुलउपर गरी पाउन मागदाबी लिइएको छ ।

(ख) **गोदावरी नगरपालिका, कैलालीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देव राज जोशी**ले स्पेसिफिकेसन तथा संझौतामा उल्लेख भएबमोजिम सुपरीवेक्षण गर्न, गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँचको लागि सम्बन्धित साइट इन्जिनियर/प्राविधिकलाई जिम्मेवारी नतोकी नापी किताबमा सही गरी सहमति जनाई प्रिमिक्स कार्यमा तोकिएबमोजिमको मोटाइको कार्य नगरी वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.६,७८,२२०।- हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको देखिँदा बिगो रु.६,७८,२२०।- (छ लाख अठहत्तर हजार दुई सय बीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी बिगो बमोजिमको जरिवाना तथा बिगोसमेत असुलउपर गरी पाउन मागदाबी लिइएको छ ।

(ग) **गोदावरी नगरपालिका, कैलालीका तत्कालीन इन्जिनियर पुर्ण कुँवर**ले गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरी वास्ताविक कार्य सम्पादन गराई सो चेकजाँच गरी मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेमा निजले पदीय जिम्मेवारीबमोजिम सुपरीवेक्षण गर्न नसकेको, नापी किताबमा सही गरी गुणस्तरहीन बेस र सब-बेसकोर्सको प्रयोग गरी कार्य गराउन र प्रिमिक्स कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.४८,७८,७५१।२० हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख),(ग) र (ङ) बमोजिमको कसुर गरेको देखिँदा निजलाई बिगो रु.४८,७८,७५१।२० (अडचालीस लाख अठत्तर हजार सात सय एकाउन्न रुपैया बीस पैसा) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी बिगो बमोजिमको जरिवाना र बिगोसमेत असुलउपर गरी पाउन मागदाबी लिइएको छ ।

(घ) **गोदावरी नगरपालिका, कैलालीका तत्कालीन सब-इन्जिनियर भक्तराज जोशी**ले स्पेसिफिकेसन बमोजिम कार्य गराई तथा वास्ताविक निर्माण कार्य सम्पादनको आधारमा नापी किताब तयार गरी मूल्याङ्कन पेश गर्नुपर्नेमा पदीय दायित्व विपरीत गुणस्तरहीन बेस र सब-बेसकोर्सको प्रयोग गरी निर्माण कार्य गराएको र प्रिमिक्स कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.२७,५८,४३२।२० हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख),(ग)र(ङ) बमोजिमको कसुर गरेको देखिंदा निजलाई बिगो रु.२७,५८,४३२।२० (सत्ताइस लाख अन्ठावन्न हजार चार सय बत्तीस रुपैयाँ बीस पैसा) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी बिगो बमोजिमको जरिवाना र बिगोसमेत असुलउपर गरी पाउन मागदाबी लिइएको छ ।

(ङ) **गोदावरी नगरपालिका, कैलालीका तत्कालीन सब-इन्जिनियर नरेन्द्र शाही**ले स्पेसिफिकेसन बमोजिम कार्य गराई तथा वास्ताविक निर्माण कार्य सम्पादनको आधारमा नापी किताब तयार गरी मूल्याङ्कन पेश गर्नुपर्नेमा पदीय दायित्व विपरीत गुणस्तरहीन बेस र सब-बेसकोर्सको प्रयोग गरी निर्माण कार्य गराएको र प्रिमिक्स कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य नाप देखाई मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भई रु.२१,२०,३१९।- हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसुर गरेको देखिंदा निजलाई बिगो रु.२१,२०,३१९।- (एकाइस लाख बीस हजार तीन सय उन्नाइस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी बिगो बमोजिमको जरिवाना र बिगोसमेत असुलउपर गरी पाउन मागदाबी लिइएको छ ।

(च) **प्राबिधिक पूर्वाधार कार्यालयमा कार्यरत ल्याब टेक्निसियन धन बहादुर बिष्टले** गुणस्तरहीन बेस कोर्स र सब-बेसकोर्सको कार्यलाई स्तरयुक्त कार्य देखाउन परीक्षण प्रतिवेदन बनाई गलत प्रतिवेदन पेश गरी रु.४०,१७,६००।२० (चालीस लाख सत्र हजार छ सय रुपैयाँ बीस पैसा) हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिँदा सोही ऐनको दफा १९(२) बमोजिम सजाय गरी पाउन मागदाबी लिइएको छ ।

**(छ) निर्माण व्यवसायी संतोष जोशी**ले संझौताबमोजिम बेस कोर्स र सब-बेसकोर्सको गुणस्तरीय कार्य गर्नुपर्नेमा सो नगरी गुणस्तरहीन कार्यमा प्रत्यक्ष सहभागी गरेको र प्रिमिक्स कार्यमा तोकिएबमोजिमको मोटाईको कार्य नगरी वास्ताविक कार्य समपादनभन्दा बढीको नापी पेश गरी भुक्तानी लिई रु.४८,७८,७५१।२० हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोमा निज संतोष जोशीले रु.१०,७९,८०६।- गोदावरी नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेकोले सो रकम घटाई हुन आउने बाँकी बिगो रु.३७,९८,९४५।२० (सैतीस लाख अन्ठान्बे हजार नौ सय पैतालीस रुपैया बीस पैसा) देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिम कैद गरी बिगो बमोजिमको जरिवाना र बिगोसमेत असुलउपर गरी पाउन मागदाबी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी